DAO KTM Regd. No.: 233/070/71 SWC Affiliation No.: 38123

# Nepal Environment Society (NES)

Let. no. 013/082/83

मितिः २०८३।०१।१७

विषयः प्रस्तावित निजामती सेवा ऐनमा छुट्टै "वातावरण सेवा समूह" व्यवस्था गरि वातावरणीय संस्थागत संरचना समावेश गर्ने सम्बन्धमा।

मा. मन्त्रीज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

महोदय,

नेपाल सरकारबाट प्रस्तावित भएको निजामती सेवा ऐनमा सुझावका लागि नेपाल सरकारबाट मिति २०८३।०१।११ गते सार्वजनिक सूचना प्रकाशन भएको र प्रस्तावित ऐन अध्ययन गर्दा छुट्टै वातावरण सेवा समूहको व्यवस्था नभएको तथा वातावरणीय संस्थागत संरचना नराखिएको पाईएकाले निम्न लिखित आधार र कारण सहित प्रस्तावित ऐनमा छुट्टै वातावरण सेवा समूहको व्यवस्था गर्न तथा वातावरणीय संस्थागत संरचनाको व्यवस्था गर्न माग सहितको तपिसल बमोजिमको सुझाव पेश गरेका छौं।

क) प्रस्तावित ऐनमा छुट्टै वातावरण सेवा समूहको व्यवस्था गर्न तथा वातावरणीय संस्थागत संरचनाको व्यवस्था गर्न पर्ने आधार र कारणः

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हक कायम गरिएको छ। नेपालका प्रत्येक पञ्चवर्षीय योजनाहरूमा वातावरणीय चुनौतीलाई न्यूनिकरण वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, जलवायु उत्थानशील विकास तथा दिगो विकासलाई राज्यको प्राथमिक दायित्वका रूपमा समावेश गर्रिंदै आएको छ। 'सुशासन, सामाजिक न्याय र समृद्धी' मुख्य लक्ष्यसहित सोह्रौं पञ्चवर्षीय आवधिक योजना (२०८१/८२—२०८५/८६) मा वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, जलवायु उत्थानशील विकास तथा दिगो विकासलाई प्राथमिकतामा राखिएको छ। राष्ट्रिय वातावरण नीति तथा राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, जलवायु उत्थानशील विकास तथा दिगो विकासलाई राज्यको प्राथमिक दायित्वका रूपमा स्पष्ट गरेका छन्। यो लक्ष्य हासिल गर्नका लागि संघ, प्रदेश तथा स्थानीय तहमा वातावरणीय कार्यक्षेत्र विस्तार गर्न जरूरी रहेको छ। मौजुदा निजामति ऐनमा छुट्टै "वातावरण सेवा समूह" नरहेको तथा वातावरणीय संस्थागत संरचना नराखिएको

Let. no. 013/082/83

कारण पर्याप्त प्राविधिक जनशक्तिको संस्थागत व्यवस्था अभावमा प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ। यसले वातावरण र विकासका विषयमा विवाद सिर्जना गर्नुका साथै कार्यरत वातावरण विज्ञ, निरीक्षक तथा अधिकृतहरूको वृत्ति विकास र बढुवाको स्पष्ट व्यवस्था नहुँदा जनशक्ति पलायनको अवस्था समेत देखिएको छ।

अतः सङ्घीय निजामती सेवा विधेयकमा देहायका व्यवस्था रूपमा समावेश गर्न हुन सविनय सुझाव सहित अनुरोध छः

१. परिच्छेद २ (संघीय निजामती सेवाको गठन) अन्तर्गत छुट्टै "वातावरण सेवा समूह" तथा स्पष्ट "वातावरण समूह/सेक्सन" समावेश गरियोस्।

२. परिच्छेद ३ (संघीय निजामती सेवाको दरबन्दी तथा पदपूर्ति) अन्तर्गत सबै ७५३ स्थानीय तहमा अनिवार्य रूपमा कम्तीमा १ जना वातावरण निरीक्षक/अधिकृत रहने व्यवस्था गरियोस्।

३. सातै प्रदेश सरकार तथा संघीय स्तरमा वातावरण मन्त्रालय तथा सम्बन्धित निकायमा वातावरण सेवा समूह र वातावरणीय संस्थागत संरचना सहितको पर्याप्त संख्यामा वातावरण विज्ञ, विशेषज्ञ तथा प्राविधिक पदहरू सुनिश्चित गरियोस्।

४. छुट्टै वातावरण सेवा समूह र वातावरणीय संस्थागत संरचनाको व्यवस्था गरि हाल कार्यरत वातावरण निरीक्षक, अधिकृत तथा प्राविधिक जनशक्तिको तहवृद्धि, बढुवा तथा वृत्ति विकास हुने गरी विधेयकमा स्पष्ट कानुनी व्यवस्था समावेश गरियोस्।

समीर थापा
**महासचिव**

Nepal Environment Society

डा. विनोद वानियाँ
**अध्यक्ष**